# <u>पशुपन्छी विकास कार्यक्रम सञ्चालन प्रक्रिया, २०७९</u>

स्वीकृत मितिः २०७९/०९/०७

**<u>प्रस्तावना</u>**ः निर्वाहमुखी र परम्परागत पशुपन्छी तथा मत्स्यपालन क्षेत्रलाई व्यावसायिक बनाई पशुपन्छीजन्य पदार्थको उत्पादन र उत्पादकत्वको वृद्धिबाट कृषकहरुको जीवनस्तरमा सुधार तथा आर्थिक उन्नति मार्फत बागमती प्रदेशलाई पशुपन्छी तथा मत्स्य जन्य उत्पादनमा आत्मनिर्भर बनाउने उद्देश्यले मन्त्रालयले **"पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन प्रक्रिया, २०७९"** बनाई लागू गरेको छ ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यो सञ्चालन प्रक्रियाको नाम **"पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन प्रक्रिया, २०७९"** रहेको छ ।

(२) यो सञ्चालन प्रक्रिया स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस सञ्चालन प्रक्रियामा,-

(क) **"आवेदक"** भन्नाले यस सञ्चालन प्रक्रिया र सार्वजनिक सूचना मुताबिक प्रस्ताव पेश गर्न योग्य कृषक समूह/सहकारी/नीजि उद्यमीलाई सम्झनु पर्छ ।

(ख) **"कार्यालय"** भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(ग) **"निर्देशनालय"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, बागमती प्रदेश सम्झनु पर्छ ।

(घ) **"विज्ञ केन्द्र"** भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(ङ) **"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश सम्झनु पर्छ ।

(च) **"साझेदार संस्था"** भन्नाले सम्बन्धित कार्यालय वा निर्देशनालयबाट सञ्चालन हुने कार्यक्रमको लागि अन्तिम छनौटमा परेका आवेदक संस्था सम्झनु पर्छ।

## परिच्छेद-२

## <u>कार्यक्रम सञ्चालन प्रक्रिया</u>

३. **<u>प्रस्ताव आह्वानः</u>** कार्यालय/निर्देशनालयले स्वीकृत कार्यक्रममा सहभागी हुन इच्छुक आवेदक संस्थाहरुलाई लक्षित गरी प्रस्ताव पेश गर्न राष्ट्रिय दैनिक पत्रिकामा तीस दिनको म्याद राखी अनुसूची-१ बमोजिमको सूचना प्रकाशन गर्नु पर्नेछ। माग अनुसार प्रस्ताव दर्ता हुन नआएमा कार्यालयले पुनः पन्ध्र (१५) दिनको समय सीमा राखी एक पटकको लागि प्रस्ताव आह्वानको सूचना प्रकाशन गर्न सक्नेछ ।

४. **<u>प्रस्ताव दर्ता</u>:** कार्यक्रममा सहभागी हुन सम्बन्धित कार्यक्रमको मापदण्ड वा शर्तहरु पुरा गरेका इच्छुक आवेदकले दफा ३ मा उल्लिखित समय सीमा भित्र अनुसूची- ४ बमोजिमको कार्ययोजना, अनुसूची-५ बमोजिमको स्वघोषणा-पत्र, अनुसूचि-६ बमोजिमको कार्यक्रम सञ्चालन हुने स्थानसम्मको नक्सा लगायतका अनूसूची-३ मा उल्लिखित अन्य आवश्यक कागजात सहित अनुसूची-२ को ढाँचामा आवेदन दर्ता गर्नु पर्नेछ ।

५. **<u>प्रस्ताव मूल्यांकन तथा स्थलगत प्रमाणीकरणः</u>** (१) प्राप्त भएका प्रस्तावहरुको प्रारम्भिक मूल्याङ्कन गरी स्थलगत प्रमाणिकरण पश्चात कार्यालयमा स्वीकृतिका लागि सिफारिस गर्न सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था भए बमोजिमको मूल्याङ्कन समिति रहनेछ ।कार्यालयले स्थलगत प्रमाणीकरणको लागि अनुसूची-७ बमोजिमको ढाँचा प्रयोग गर्न सक्नेछ।

(२) उपदफा (१) अनुसार गठित समितिले आवश्यक ठानेमा बढीमा २ जना सम्म विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम गठित मूल्यांकन समितिले अनुसूची -८ बमोजिम मूल्यांकनका गर्दा ५० प्रतिशत वा सो भन्दा बढी अंक प्राप्त गर्ने आवेदकलाई मात्र छनौटका लागि कार्यालयमा सिफारिस गर्नु पर्नेछ ।

६. **<u>प्रस्ताव छनौटको जानकारी</u>:** स्वीकृत भएका प्रस्तावहरुको जानकारी र प्रस्ताव छनौट बारे निबेदन/उजुरी गर्न सम्बन्धित संस्थालाई सात (७) दिनको समय सीमा राखी आशयको सूचना प्रकाशन गरिनेछ ।

७. **<u>सम्झौता</u>:** (१) स्वीकृत प्रस्तावका आवेदकहरुसँग कार्यालयले अनुसूची-१४ बमोजिमको सम्झौता गरी कार्यक्रम कार्यन्वयन गर्नेछ |

(२) तोकिएको अवधि भित्र सम्झौता हुन नसकेमा योग्यता क्रमको आधारमा छनौट हुने आवेदकसँग सम्झौता गरी कार्यक्रम कार्यन्वयन गरिने छ |

## परिच्छेद-३

## <u>पशु आहारा आत्मनिर्भर कार्यक्रम</u>

८. **<u>आवेदक</u>:** (१) कार्यक्रममा दर्तावाल कृषक समूह, कृषि सहकारी तथा निजी फार्महरुले आवेदन दिन सक्नेछन।

९. **<u>विउ उत्पादन तथा प्रवर्द्धन कार्यक्रमः</u>** (१) कार्यालयले जै र टियोसेन्टी घाँसको खेती गरी विउ उत्पादन गर्न इच्छुक साझेदार संस्थाको छनौट गर्नेछ।

(२) घाँस खेतीको लागि आवश्यक जग्गा आवेदक आफ्नै वा लिजमा लिएको खण्डमा कम्तीमा ५ वर्षको लिज सम्झौता गरेको हुनु पर्नेछ।

(३) साझेदार संस्थाले विउ उत्पादनको लागि कार्यक्रम कार्यान्वयन हुने स्थानको भूगोल र हावापानी सुहाउँदो विउको जात प्रयोग गर्नु पर्नेछ। उपयुक्त विउको जात छनौटको लागि सम्बन्धित कार्यालयले सहजिकरण गर्न सक्नेछ।

(४) कार्यालयले उत्पादित विउको बजार व्यवस्थापनको लागि सरोकारवालाहरुसँग आवश्यक समन्वय, सहकार्य र सम्झौता गर्न सक्नेछ।

(५) कार्यालयले साझेदार संस्थाका लागि घाँस खेती, विउ उत्पादन एवं साइलेज तयारी सम्बन्धी  सीपमूलक तालिम तथा कृषक भ्रमणको प्रवन्ध मिलाउन सक्नेछ।

**१०. <u>साइलेज उत्पादनको लागि मकै खेती:</u>** (१) कार्यालयले साइलेज उत्पादनको लागि मकै खेती गर्न इच्छुक साझेदार संस्थाको छनौट गर्नेछ।

(२) कार्यालयले साइलेजको लागि उत्पादन गरिएको मकैको बजार व्यवस्थापनको लागि साइलेज उत्पादक उद्योग तथा अन्य सरोकारवालाहरुसँग आवश्यक समन्वय, सहकार्य र सम्झौता गर्न सक्नेछ।

**११. <u>घाँस खेती विस्तार कार्यक्रम:</u>** (१) कार्यालयले उन्नत घाँस  खेती गर्न इच्छुक र आवश्यक पूर्वाधार भएका साझेदार संस्थाको छनौट गरी कार्यक्रम संचालन गर्नेछ।

**१२. <u>कृषक भ्रमण/तालिम:</u>** कार्यालयले यस कार्यक्रम अन्तर्गत छनौट भएका साझेदारहरुलाई घाँस खेती , पशु आहारा व्यवस्थापन, साइलेज उत्पादन लगायतका विषयमा ज्ञान तथा सीप विकास गर्न तालिम वा कृषक भ्रमणको प्रवन्ध मिलाउन सक्नेछ।

**१३.** दफा ९, १० र ११ बमोजिमका कार्यक्रमहरु संचालन गर्न जग्गाको न्युनतम क्षेत्रफल र बजेटको बाँडफाँड कार्यालयले स्वीकृत लक्ष्य र बजेटको अधीनमा रही गर्न सक्नेछ।

## परिच्छेद-४

## <u>पशुजन्य पदार्थ उपभोग प्रवर्द्धन कार्यक्रम</u>

**१४. <u>कार्यक्रम सञ्चालनको विधि/शर्तहरु</u>**

(१)कार्यालयले आफ्नो कार्यक्षेत्रभित्रका दिवा खाजाको व्यवस्था भएका सामुदायिक विद्यालयहरुको समन्वयमा दिवा खाजामा पशुपन्छीजन्य उत्पादन समावेश गर्नेछ।

(२)कार्यालयले जिल्लाभित्र मनाइने विभिन्न उत्सव, चाडपर्व, समारोह र दिवसहरुमा उपयुक्तताका आधारमा पशुजन्य पदार्थ विरतण गर्नेछ।

(३)कार्यालयले सरकारी स्वामित्वका स्वास्थ्य निकायहरुमा नियमित स्वास्थ्य जाँच गराउने गर्भवती महिला, अनाथ आश्रममा रहेका बालबालिका, कुपोषण र पुड्कोपना भएका बालबालिका वृद्धाश्रममा रहेका वृद्धवृद्धालाई आवश्यकता अनुसार पशुपन्छीजन्य पदार्थ वितरण गर्नेछ।

(४)कार्यालय तथा निर्देशनालयले पशुपन्छीजन्य उत्पादनको उपभोग सम्बन्धी सचेतनामूलक सामाग्रीहरुको तयारी, प्रसारण तथा प्रेषण गर्नेछ।

(५)कार्यालयले पशुपन्छीपालक कृषकहरुको लागि तालिम, सचेतान गोष्ठी, पशुपन्छीपालनसँग सम्बन्धित प्रविधि प्रदर्शनी, स्कुल शिक्षा लगायतका कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ।

(६)निर्देशनालयले दुध तथा दुग्धजन्य उत्पादन उपभोग सम्बन्धी सामाग्री तयार गरी राजमार्गको आसपासको उपयुक्त स्थान यकिन गरी डिजिटल बोर्ड मार्फत डिस्प्ले गर्ने व्यवस्था मिलाउनेछ।

(७)कार्यालयले कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक संघसंस्था, सरकारी निकाय वा अन्य सरोकारवालाहरुसँग सहकार्य वा समन्वय गर्न सक्नेछ।

## परिच्छेद-५

## दुध उत्पादनमा वृद्धि कार्यक्रम

१५. **दुध जोन छनौटः** कार्यालयले जिल्ला भित्र दफा १६(१) बमोजिम गठित छनौट समितिले छनौट गरेको दुध जोन भित्र यो कार्यक्रम लागू गर्नेछ।

१६.**छनौट समितिः** (१) दफा १५ बमोजिमको दुध जोन छनौटको लागि जिल्लामा देहायानुसारको छनौट समिति रहनेछ।

| | |
|---|---|
| प्रमुख, जिल्ला समन्वय समिति | -संयोजक |
| जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समिति | -सदस्य |
| प्रमुख, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | -सदस्य |
| प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि, कृषि ज्ञान केन्द्र | -सदस्य |
| योजना शाखा प्रमुख, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | -सदस्य सचिव |

(२) दफा १६ उपदफा (१) बमोजिम छनौट समितिले आवश्यक ठानेमा दुई जना सम्म दुग्ध उत्पादन/प्रशोधन/बजारीकरण कार्य सम्बन्धित ज्ञान र अनुभव भएको व्यक्तिलाई विषय विज्ञको रुपमा बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) छनौट समितिले अनुसूचि-९ बमोजिमका आधारमा दुध जोन छनौट गर्नेछ।

१७.<u>प्याकेज निर्धारणः</u> कार्यालयले दैनिक कम्तीमा ५० लिटर दुध उत्पादन गर्ने निजी फार्महरुलाई दुध उत्पादनमा वृद्धि प्रतिवद्धताका आधारमा दुई किसिमको प्याकेज निर्धारण गर्नेछ।

(१) <u>प्याकेज १</u> न्युनतम दैनिक ५० लिटर दुध उत्पादन गरी कार्यक्रम सम्पन्न भए पश्चात बढीमा २० प्रतिशत सम्म उत्पादन वृद्धि गर्ने ठोस कार्य योजना सहित लिखित प्रतिवद्धता गर्ने निजी फार्महरु रहनेछ।

(२) <u>प्याकेज २</u> न्युनतम दैनिक ५० लिटर दुध उत्पादन भई कार्यक्रम सम्पन्न भए पश्चात २० प्रतिशत भन्दा बढी उत्पादन वृद्धि गर्ने ठोस कार्य योजना सहित लिखित प्रतिवद्धता गर्ने निजी फार्महरु रहनेछ।

(३) कार्यालयले स्वीकृत कार्यक्रम र बजेटको अधीनमा रही प्याकेज १ र प्याकेज २ को संख्या निर्धारण गर्न सक्नेछ।

(४) कार्यालयले प्याकेज १ र प्याकेज २ अन्तर्गत साझेदार संस्था सूचना प्रकाशन गरी छनौट गर्नेछ।

(५) कार्यालयले कार्य सम्पन्न भए पश्चात प्याकेज १ अन्तर्गत प्रति साझेदार अधिकतम रु ७५ हजार र प्याकेज २ अन्तर्गत प्रति साझेदार अधिकतम रु ८० हजार भुक्तानी गर्नेछ।

१८.<u>सामाजिक परिचालक सम्बन्धी व्यवस्थाः</u> (१)कार्यालयले कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि प्रति प्याकेज (कार्यालयको स्वीकृत लक्ष्य/परिमाण) कम्तीमा जे.टि.ए उत्तीर्ण गरेको एक जना नेपाली नागरिकलाई सामाजिक परिचालकका रुपमा करार सम्झौता गरी नियुक्त गर्न सक्नेछ।

(२) सामाजिक परिचालकको पारिश्रमिक मासिक बढीमा २० हजार र अन्य सेवा सुविधा करार सम्झौता बमोजिम हुनेछ।

१९. <u>कार्यक्रम सञ्चालनका अन्य शर्तहरु</u>

(१) साझेदार संस्था सम्बन्धित निकायमा दर्ता भई नियमानुसार नवीकरण र कर चुक्ता गरेको हुनु पर्नेछ।

(२)साझेदार संस्थाले पशुहरुको अनिवार्य वीमा गर्नु पर्नेछ।

साझेदार संस्थाले देहायानुसारका कृयाकलापहरु सञ्चालनको लागि प्रोत्साहन रकम खर्च गर्न सक्नेछन्।

(क)पशु आहारा व्यवस्थापन

(ख)गोठ निर्माण/सुधार

(ग) जैविक सुरक्षाको व्यवस्थापन

(घ) परजीवि नियन्त्रण/उपचार

(ङ) खोप कार्य सञ्चालन

(च) उन्नत गाई/भैंसी खरिद

(छ)उन्नत साँढै/राँगो खरिद (कृत्रिम गर्भाधान कार्य संचालन नुहने स्थानको लागि सम्बन्धित कार्यालयको सिफारिसमा मात्र)

(ज) काउ म्याट, उपकरण खरिद, आदि।

(३) साझेदार संस्थाले दैनिक रुपमा दुध उत्पादनको अभिलेख राख्नु पर्नेछ र पाच्छिक रुपमा अनुसूचि-१० बमोजिमको विवरण भरी कार्यालयमा पेश गर्नु पर्नेछ।

(४) कार्यालयले साझेदार संस्थाले उपदफा (४) बमोजिम पेश गरेको विवरण तथा कार्यक्रमको प्रगतिको स्थलगत अनुगमन गरी भेरिफिकेशन गर्नेछ।

(५) कार्यालयले स्वीकृत बजेटको अधीनमा रही स्थलगत अनुगमनबाट पुष्टि भएको दुध उत्पादनमा वृद्धिलाई आधार मानी दुई महिना (६० दिन) पश्चात पेश भएका विल, भर्पाई तथा आवश्यक कागजातको अध्ययन गरी साझेदारलाई भुक्तानी गर्नेछ।

(६) साझेदार संस्थाले सम्झौता अनुसार दुध उत्पादनमा वृद्धि हासिल गर्न नसकेमा कार्यालय भुक्तानी दिन वाध्य हुने छैन।

## परिच्छेद-६

## एक पकेट खोरेत रोग मुक्त अभियान कार्यक्रम

२०. **छनौट समितिः** एक पकेट खोरेत रोग मुक्त अभियान कार्यक्रम कार्यान्वयनको लागि पकेट क्षेत्र छनौटको लागि जिल्लामा दफा १६(१) बमोजिमको छनौट समिति रहनेछ।

२१. **पकेट क्षेत्रको छनौटः** (१) छनौट समितिले देहायका आधारमा कार्यक्रम सञ्चालन हुने पकेट क्षेत्र छनौट गर्नेछ।

(क) खुरफट्टा पशुहरुको संख्या (१ हजार भन्दा बढी हुनु पर्ने)

(ख) रोगको प्रकोपको अवस्था र सम्भावित जोखिम

(ग) पशु ओसार पसार बढी हुने क्षेत्र

(घ) व्यवसायिक पशुपालनमा अग्रणी क्षेत्र।

(२) कार्यालयले कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित स्थानीय तहसँग समन्वय गर्नु पर्नेछ।

(३) यस कार्यविधि बमोजिम खोप कार्यक्रममा सहभागी हुनु कृषकहरुको कर्तव्य हुनेछ। खोप कार्यक्रममा कृषकहरुबाट सहयोग प्राप्त नभएमा वा कुनै किसिमको वाधा अड्चन सृजना गरेमा सम्बन्धित कार्यालयले कार्यक्रम रद्द गर्न सक्नेछ।

२२. **<u>प्रचार प्रसार</u>:** कार्यालयले सम्बन्धित स्थानीय तहको पशु सेवा शाखासँग समन्वय गरी खोप कार्यक्रमको महत्व, खोप तालिका र कार्यक्रम कार्यान्वयन सम्बन्धमा स्थानीय तह, वडा तथा टोल स्तरीय अभिमुखीकरण तथा प्रचार प्रसार कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

२३. **<u>आवश्यक सामाग्री खरिद तथा भण्डारण</u>:** (१) नेपाल सरकार पशु सेवा विभाग मातहतका निकायहरुबाट राष्ट्रिय खोप कार्यक्रमका लागि निःशुल्क उपलब्ध हुने खोपहरुको हकमा निर्देशनालयले सम्बन्धित निकायहरुसँग समन्वय गरी सम्बन्धित कार्यालयको लागि निर्धारित परिमाणमा खोप उपलब्ध गराउने छ।खोप कार्यक्रम कार्यान्वयन गर्न आवश्यक थप खोप सम्बन्धित कार्यालयले खरिद गर्न सक्नेछ।

(२) खोप कार्यका लागि अनुसूचि-११ बमोजिमका आवश्यक सामाग्रीहरु कार्यालयले खरिद गरी व्यवस्थापन गर्नेछ।

(३) खोपको उचित भण्डारणको सुनिश्चितताको लागि कार्यालयले सम्बन्धित स्थानीय तह तथा अन्य सरोकारवालहरुसँग समन्वय गर्नेछ।

२४. **<u>खोपकर्ताको छनौट तथा अभिमुखीकरण</u>:** (१) कार्यालयले ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता वा भेटेरिनरी जे.टि/जे.टि.ए तालिम वा भेटेरिनरी विषयमा औपचारिक शिक्षा हासिल गरेका नेपाली नागरिकलाई खोपकर्ताको रुपमा करारमा नियुक्ति दिनु पर्नेछ।खोपकर्ता नियुक्ति गर्दा सम्बन्धित स्थानीय तहका प्राविधिकहरुलाई प्राथमिकता दिनु पर्नेछ।

(२) कार्यालयले खोपकर्तालाई खोपको ढुवानी व्यवस्थापन, लगाउने उमेर, घोल्ने तरिका, मात्रा, लगाउने माध्यम, खोप कार्ड भर्ने तरिका, जैविक सुरक्षा, व्यक्तिगत सुरक्षाका उपायहरु, खोप लगाउँदा ध्यान दिनु पर्ने कुराहरु लगायतका प्राविधिक विषयहरु तथा जैविक फोहोर व्यवस्थापन सम्बन्धी जानकारी दिन अभिमुखीकरण कार्यक्रम गर्नेछ।

२५. **<u>खोप कार्यक्रम</u>:** (१) गाईभैंसी तथा बंगुरका लागि सम्बन्धित फार्ममा र भेडाबाख्राका लागि कुनै खोप केन्द्र तोकी खोप कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(२) खोप लगाई सकेपछि अनुसूचि-१२ बमोजिमको खोप कार्ड भरी सम्बन्धित पशुधनीलाई प्रदान गरिनेछ।

(३) खोपकर्ताहरुले अनुसूचि-१३ बमोजिको खोप कार्यक्रमको प्रगति विवरण सम्बन्धित स्थानीय तहबाट प्रमाणित गराई कार्यालयलाई पठाउनु पर्नेछ।

(४) कार्यालयले खोप कार्यको प्रगति प्रतिवेदन निर्देशनालय मार्फत मन्त्रालयलाई पठाउनु पर्नेछ।

२६. **<u>खोप कार्यको अनुगमन</u>:** खोप कार्यक्रमको अनुगमन सम्बन्धित कार्यालय, निर्देशनालय तथा मन्त्रालयले आवश्यकता अनुसार गर्नेछ।

२७. **खोपको प्रभावकारिता मूल्याङ्कनः** खोप कार्यको प्रभावकारिता मुल्याङ्कनको लागि निर्देशनालयले राष्ट्रिय खोरेत तथा सीमाविहिन रोग अन्वेषण प्रयोगशाला बुढानिलकण्ठ काठमाडौं तथा सम्बन्धित कार्यालयसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

२८. **खोपकर्ताको पारिश्रमिक तथा सुविधा सम्बन्धी व्यवस्थाः** कार्यालयले खोपकर्तालाई पशुहरुलाई खोरेत विरुद्धको खोप लगाए वापत प्रति डोज रु २० पारिश्रमिकका रुपमा उपलब्ध गराउने छ।

## परिच्छेद-७

## खरी बाखा विकास कार्यक्रम

२९. **आवेदकः** यस कार्यक्रममा समुदायमा आधारित दर्तावाल कृषक समूहले आवेदन दिन सक्नेछन्।

३०. **कार्यक्रम सञ्चालनको विधि/शर्तहरु**

(१) कृषक समूहमा कम्तीमा १० जना खरी बाखा पालक कृषक सदस्य हुनु पर्नेछ। प्रत्येक बाखा पालक कृषक सदस्यसँग कम्तीमा ५ वटा माउ खरी बाखा हुनु पर्नेछ।

(२) बाखाहरुको अनिवार्य रुपमा वीमा गरेको हुनु पर्नेछ।

(३) साझेदार संस्थाले देहायानुसारका कृयाकलापहरुको लागि प्रोत्साहन रकम खर्च गर्न सक्नेछन्।

(क) खोर निर्माण/सुधार, यार्ड निर्माण

(ख) आहारा व्यवस्थापन

(ग) खरी बाखा खरिद

(घ) प्रजनन योग्य खरी जातको बोका खरिद ( प्रति ३० बाखाको लागि एक बोका)

(ङ) परजीवि नियन्त्रण, खोप कार्य सञ्चालन

(च) जैविक सुरक्षा व्यवस्थापन

(छ) यन्त्र, उपकरण खरिद

## परिच्छेद-८

## पशुपालनमा असल अभ्यास प्रवर्द्धन कार्यक्रम

३१. **आवेदकः** यो कार्यक्रममा दुग्ध उत्पादक सहकारी संस्थाले आवेदन दिन सक्नेछन्।

३२. **कार्यक्रम सञ्चालनको विधि/शर्तहरु**

(१)**आवेदकको योग्यता**: कार्यक्रममा सहभागिताको लागि इच्छुक आवेदकले देहायानुसार मापदण्ड पूरा गरेको हुनु पर्नेछ।

(क) सम्बन्धित निकायमा दर्ता भई नियमानुसार नविकरण, लेखा परीक्षण तथा कर चुक्ता गरेको हुनु पर्नेछ।

(ख) आवेदक संस्था सूचना प्रकाशनको मितिमा स्थापना भएको एक वर्ष पुरा भई दैनिक कम्तीमा ३०० लिटर दुध संकलन गरेको हुनु पर्नेछ।

(ग) आवेदक संस्थाले देहायका आधारमा तहाँ संस्थामा दैनिक कम्तीमा २० लिटर दुध विक्री गर्ने १५ जना कृषकहरु (एक प्याकेज) छनौट गरी अनुसूचि-१४ बमोजिको फारम भरी प्रस्ताव सँगै पेश गर्नु पर्नेछ।

(२)पशुहरुको अनिवार्य बीमा गर्नु पर्नेछ।

(३)साझेदार संस्थाले देहायानुसारका कृयाकलापहरु सञ्चालनको लागि प्रोत्साहन रकम खर्च गर्न सक्नेछन्।

(क)गोठ निर्माण/सुधार

(ख)जैविक सुरक्षाको व्यवस्थापन

(ग) परजीवि नियन्त्रण/उपचार

(घ) खोप कार्य सञ्चालन

(ङ) यन्त्र/उपकरण/रियजेन्ट/रसायन खरिद( ह्वील ब्यारो, कम्प्रेसर वाटर पम्प, SS मिल्क क्यान, CMT किट, टिट डिपिङ्ग किट, डि फ्रिज आदि)

(च) पशु आहारा व्यवस्थापन

(४) साझेदार संस्थाले दैनिक रुपमा दुध उत्पादन, खोप कार्य, पशुको दैनिक खुराक योजना (Daily Diet Plan), कृत्रिम गर्भाधान, उपचार आदिको व्यवस्थित अभिलेख राख्नु पर्नेछ।

(५) कार्यालयले कार्यक्रम सम्पन्न भए पश्चात साझेदार संस्थाले मन्त्रालयबाट स्वीकृत गाई भैसी पालनको लागि असल व्यवस्थापन अभ्यास (Good Management Practice ) सम्बन्धी मापदण्ड, २०७९ बमोजिमको असल व्यवस्थापन अभ्यास गरे नगरेको यकीन गरी प्रमाण पत्र उपलब्ध गराउनेछ।

(६) कार्यालयले साझेदार संस्थाले सम्झौता बमोजिमको कार्य सम्पन्न भए पश्चात निजले पेश गरेको विल भर्पाई, अन्य कागजात अध्ययन गरी स्वीकृत बजेटको अधीनमा रही साझेदार संस्थाको बैंक खाता मार्फत भुक्तानी गर्नेछ।

## परिच्छेद-९

## भेडा प्रवर्द्धन कार्यक्रम

३२. **आवेदकः** यो कार्यक्रममा दर्तावाल भेडा पालक कृषक समूह र निजी फार्महरुले आवेदन दिन सक्नेछन्।

३३. **कार्यक्रम संचालनको विधि/शर्तहरु**

(१) कार्यालयले साझेदार संस्था छनौट गर्न सूचना आह्वान गर्नेछ।

(२) आवेदकसँग कम्तीमा ५० वटा स्थानीय जातको माउ भेडा हुनु पर्नेछ। कृषक समूहको हकमा कम्तीमा १० जना भेडा पालक सदस्य भई प्रति भेडा पालक सदस्य कम्तीमा ५ माउ स्थानीय जातको भेडा पालेको हुनु पर्नेछ।

(३) आवेदकले पशु आहारा, जैविक सुरक्षा आदिको उचित व्यवस्थापन हुनु पर्नेछ।

(४) साझेदार संस्थाले देहायका कृयाकलापहरु संचालनको लागि प्रोत्साहन रकम खर्च गर्न सक्नेछन्।

(क) घाँस खेती, चरन सुधार

(ख) स्थानीय जातको भेडा, थुमा खरिद

(ग) खोर निर्माण/सुधार

(घ) परजीवि नियन्त्रण/खोप संचालन

(ङ) जैविक सुरक्षाको व्यवस्थापन

(च) कृषकस्तर तालिम

(छ) यन्त्र, उपकरण खरिद

(५) कार्यक्रम सम्पन्न भए पश्चात साझेदार संस्थासँग कम्तीमा १०० माउ भेडा हुनु पर्नेछ।

## परिच्छेद-१०

## स्थानीय ग्रामीण कुखुरा संरक्षण र प्रवर्द्धन कार्यक्रम

३४. **आवेदकः** यो कार्यक्रममा निजी फार्महरुले आवेदन दिन सक्नेछन्।

३५. **कार्यक्रम संचालनको विधि/शर्तहरु**

(१) कार्यालयले साझेदार संस्था छनौट गर्न सूचना आह्वान गर्नेछ।

(२) आवेदकसँग कम्तीमा २०० वटा स्थानीय जातको कुखुरा हुनु पर्नेछ।

(३) आवेदकले जैविक सुरक्षा उचित व्यवस्थापन गरेको हुनु पर्नेछ।

(४) साझेदार संस्थाले देहायका कृयाकलापहरु संचालनको लागि प्रोत्साहन रकम खर्च गर्न सक्नेछन्।

(क) स्थानीय जातको कुखुराको चल्ला खरिद

(ख)	खोर निर्माण/सुधार

(ग) परजीवि नियन्त्रण/खोप संचालन

(घ) जैविक सुरक्षाको व्यवस्थापन

(ङ) यन्त्र, उपकरण खरिद (ब्रुडर, मिनी ह्याचरी, स्प्रेयर, आदि)

(५) कार्यक्रम सम्पन्न भए पश्चात साझेदार संस्थासँग कम्तीमा ५०० वटा स्थानीय कुखुरा हुनु पर्नेछ।

## परिच्छेद-११

## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

३६. **भुक्तानी प्रक्रियाः** (१)प्रोत्साहन रकम सम्झौता भएको मिति भन्दा पहिले सम्पन्न भएका कार्यहरुमा खर्च गर्न पाइने छैन ।

(२) वार्षिक स्वीकृत कार्यकमको बजेट परिधि भित्र रही कार्यक्रम सञ्चालनका लागि प्रोत्साहन रकम प्रदान गरिनेछ ।

(३) सम्बन्धित साझेदारले सम्झौता अनुसारको कार्य सम्पन्न गरेपछि नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको कार्य सम्पन्न प्रतिबेदन (भौतिक संरचनाको हकमा), बिल, भर्पाइ, सम्बन्धित वडाको सिफारिस र अन्य आवश्यक कागजातका साथ भुक्तानीका लागि अनुरोध गरे पश्चात सम्बन्धित कार्यालयले स्थलगत निरीक्षण गरी मनासिब ठहरेमा प्रोत्साहन रकमको दुई प्रतिशत कन्टिनजेन्सी र नियमानुसार कर कट्टा गरि हुन आउने रकम साझेदारको बैंक खातामा भुक्तानी गर्नेछ ।

## परिच्छेद-१२

## विविध

३७. **प्रगति प्रतिवेदनः** प्रोत्साहन रकम प्राप्त गर्ने साझेदार संस्थाले चौमासिक र वार्षिक रुपमा प्रगति प्रतिवेदन सम्बन्धित कार्यालयमा र कार्यालयले एक तह माथिको पठाउनु पर्नेछ ।

३८. **सार्वजनिक सूचना पाटी सम्बन्धी व्यवस्थाः** प्रोत्साहन रकम प्राप्त गर्ने साझेदार संस्थाले अनुसूची-१६ बमोजिमको सार्वजनिक सूचना पाटी कार्यक्रम सञ्चालन स्थलमा टाँस गर्नु पर्नेछ।

३९. **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिलाई आवश्यकता अनुसार मन्त्रालयले संशोधन र परिमार्जन गर्न सक्नेछ ।

४०. **कारबाहीको व्यवस्थाः** साझेदारले सम्झौता बमोजिम प्रोत्साहन रकम लिई दुरुपयोग गरेमा प्रदेश सरकारबाट प्राप्त प्रोत्साहन रकम प्रचलित व्याज सहित असुल उपर गरिनेछ र दुई (२) वर्ष सम्म प्रदेश सरकारबाट सञ्चालन हुने प्रोत्साहन कार्यक्रममा समावेश गरिने छैन ।

४१. <u>**प्रचलित कानुन बमोजिम हुने:**</u> यस कार्यविधिमा उल्लेख भएका बुँदाहरु प्रचलित कानून सँग बाझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ ।

## अनुसूची-१
### (दफा ३ सँग सम्बन्धित)
### प्रस्ताव आह्वानको सूचनाको ढाँचा

प्रथम पटक प्रकाशित मितिः...........................

........*(कार्यालयको नाम)*............आ.व................को स्वीकृत वार्षिक कार्यकम अनुसार........*(कार्यक्रमको नाम)*.....कार्यक्रम सञ्चालनका लागि ......*(कार्यक्रम क्षेत्र)*....... अन्तर्गतका इच्छुक पशुपालक कृषक समूह/सहकारी/ निजी उद्यमीले यो सूचना प्रकाशित मितिले तिस (३०) दिन भित्र रु. दश (१०) को हुलाक टिकट टाँसी पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन प्रक्रिया, २०७९ को अनुसूची-२ अनुसारका कागजातहरु, अनुसूची ३ बमोजिमको आवेदन पत्र र अनुसूची-४ बमोजिमको कार्ययोजना संलग्न राखी .............*(कार्यालयको नाम)*............मा आवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगी दर्ता भएका प्रस्ताव छनौट प्रक्रियामा समावेश गरिने छैन ।

## अनुसूची-२

**(दफा ४ सँग सम्बन्धित)**

**आवेदनको ढाँचा**

मितिः......................

श्रीमान् कार्यालय प्रमुख ज्यू,

..............................................................।

विषयः प्रस्ताव पेश गरिएको बारे ।

महोदय,

तहाँ कार्यालयकोको मिति ................................ मा .............................. राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार "...................................................................कार्यक्रम" सञ्चालन गर्ने इच्छा भएकोले तपसिल अनुसारका कागजातहरु संग्लग्न राखी यो निवेदन पेश गरेको छु/छौं । उक्त कार्यक्रम प्राप्त भएमा द्विपक्षीय सम्झौता र कार्यविधि मा भएका शर्त र मापदण्ड परिपालना गरी कार्यकम सञ्चालन गर्ने प्रतिबद्धता गर्दछु/छौं। साथै सम्झौता र मापदण्ड विपरित गरेको पाइएमा प्रचलित कानून बमोजिम सजायको भागेदार हुन मन्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु/छौं ।

संग्लग्न कागजातहरु,

१) .........................,

२) .........................,

औंठा छाप

| दाँया | बाँया |
| --- | --- |
| | |

आवेदकको नामः

पदः

ठेगानाः

संस्थाको नामः

संस्थाको छापः

सम्पर्क नं. :

## अनुसूची-३

<u>(दफा-४ सँग सम्बन्धित)</u>

### आवेदन पत्र साथ संलग्न गर्नु पर्ने कागजातहरु

१) सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि,

२) कृषक समूह/सहकारी/ निजी उद्यमी दर्ता र PAN दर्ता प्रमाण पत्रको प्रतिलिपि,

३) गत आ.व.को लेखा परिक्षण प्रतिबेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि (वा अन्य कुनै प्रमाणित कागज)

४) कृषक समूह/सहकारीको हकमा बैठक निर्णय प्रतिलिपि,

५) जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तीमा पाँच (५) वर्षको करार सम्झौता पत्र,

६) कार्यक्रममा सहभागी गराइदिने सम्बन्धी सम्बन्धित स्थानीय तहको सिफारिस,

७) अनुसूचि-५ बमोजिमको स्व-घोषणा पत्र,

८) अनुसूची-७ बमोजिमको कार्य स्थान खुल्ने नक्सा,

९) समूह/सहकारीले प्रोत्साहन माग गर्दा अनिवार्य रुपमा कृषक छनौट गरी कृषकको नाम र ठेगाना खुलाइएको पत्र,

अनुसूची-४

(दफा ४ सँग सम्बन्धित)

**कार्यक्रमको संक्षिप्त कार्ययोजना**

१. आवेदक संस्था

१.१ आवेदक संस्थाको नाम तथा ठेगानाः

| | | |
|---|---|---|
| आवेदक संस्थाको नाम | : | |
| ठेगाना | : | |
| संस्था दर्ता भएको मिति र निकाय | : | |
| सम्पर्क व्यक्तिको नाम र पद | : | |
| सम्पर्क नं. | : | |
| इमेल | : | |
| कार्यकम हुने स्थान | : | |

१.२ संचालक समिति/कार्य समिति पदाधिकारीहरुको नामावली

| क्र.स. | नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

१.३ शैक्षिक योग्यता र सम्बन्धित क्षेत्रमा तालिम

| क्र.स. | नाम | लिङ्ग | पद | शैक्षिक योग्यता | तालिम | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | तालिमको विषय | तालिम अवधि | तालिम दिने निकाय |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्रस्ताव पेश गर्ने बारे संचालक समितिको निर्णय र निर्णय मितिः

साधारण सदस्य संख्याः (क) पुरुष ........................... (ख) महिला.............................

शेयर सदस्य संख्याः (क) पुरुष ........................... (ख) महिला............................

१.३ स्थापनाकालका कियाकलापहरुः.................................................................

१.४ हालका क्रियाकलापहरुः........................................................................

१.५ हाल सम्म सम्पन्न मुख्य मुख्य कार्यहरुः.......................................................

२. पशुपन्छी तथा मत्स्यपालनको अवस्थाः

| क.स. | पशु प्रजाति | हाल पालिरहेको संख्या/क्षेत्रफल | कार्यक्रम पश्चात पालिने संख्या/क्षेत्रफल (प्रस्तावित) | कैफियत |
|---|---|---|---|---|
| १. | | | | *पशुपन्छीको शारीरिक अवस्था (बाच्छा/बाच्छी/पाठा/पाठी/माउ/भाले आदि) अनुसार छुट्टा छुट्टै उल्लेख गर्नु पर्ने)* |
| २. | | | | |
| ३. | | | | |

३. जग्गा सम्बन्धि विवरण

| क.स. | जग्गा धनिको नाम | जग्गाको क्षेत्रफल | कित्ता न. | कैफियत |
|---|---|---|---|---|
| (क) | **भौतिक संरचना** | | | |
| | | | | |
| | | | | |
| (ख) | **घाँस खेती** | | | |
| | | | | |
| | | | | |

४. ऋण लिएको विवरण

**ईजाजत प्राप्त बैंक तथा वित्तीय संस्था वा सहकारीबाट लिएको ऋणको विवरणः**

| लगानी गर्ने बैंक/वित्तीय संस्था | ऋण लिनुको उद्देश्य | रकम रू. | ऋण लिएको अवधि | सम्पूर्ण ऋण चुक्ता गरेको मिति | ऋण रकमले सम्पन्न गरेका क्रियाकलापहरु र उपलब्धिहरु |
|---|---|---|---|---|---|
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

५. रोगजारीको अवस्था (संचालक/कार्य समिति बाहेक)

| क्र.स. | पद | शैक्षिक योग्यता | महिला/पुरुष | सम्बन्धित क्षेत्रमा कार्य अनुभव |
|---|---|---|---|---|
| **हालको रोजगारीको अवस्था** | | | | |
| | | | | |
| | | | | |
| **कार्यक्रम सञ्चालन पश्चात थप रोजगारीको अवस्था** | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**६. चरन क्षेत्र, मेशिनरी औजार तथा नविनतम प्रबिधिको प्रयोग**

(क) चरन क्षेत्र र घाँसखेतीको क्षेत्रफल.....................................................

- प्रमुख घाँसका जातहरु ..........................................................

(ख) सञ्चालनमा आएका मेशिनरी औजारहरु.................................................

(ग) नविनतम प्रबिधिको प्रयोग..................................................................

**७. वातावरणीय तथा सामाजिक जोखिम न्यूनीकरणः**

कार्यक्रम कार्यान्वयन गर्दा के कस्ता वातावरणीय तथा सामाजिक जोखिम आउन सक्छन ? र ती जोखिम न्यूनीकरण गर्नका लागि के के योजना छन् ?

**८. वर्तमानको समस्याहरुः**

..........................................................................................................

(उत्पादन तथा बजारीकरण सँग जोडिएका समस्याहरु उल्लेख गर्न सकिने ।)

पहिचान भएका समस्याहरुको समाधानका लागि बनाइएका योजनाहरुः

| क्र.स. | समस्याहरु | हाल गरिएका पहल | समस्या समाधानका लागि बनाइएका योजनाहरु |
|---|---|---|---|
| १. | | | |
| २. | | | |

**९. कार्यक्रमबाट हासिल हुने अपेक्षित प्रतिफल**

| क्र.स. | क्रियाकलापको नाम | आधार रेखा | कार्यक्रम सञ्चालन पछिको | कैफियत |
|---|---|---|---|---|

| | | (हालको अवस्था) | अपेक्षित प्रतिफल | | | |
|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोश्रो वर्ष | तेस्रो वर्ष | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |
| ८. | | | | | | |
| ९. | | | | | | |
| *(नोटः प्रस्तावित कार्यक्रम अनुसार मेल खाने र भए गरेका क्रियाकलापहरु मात्र उल्लेख गर्नु पर्ने)* | | | | | | |

## १०. उत्पादित बस्तुको बजारीकरणको योजना

| क्र.स. | उत्पादित बस्तु | उत्पादन परिमाण | उत्पादित बस्तुको बजार | खरिद कर्ता सँग भएको सम्झौता | बजारीकरणको योजना |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

## ११. साझेदारीमा लगानी गर्नुपर्ने रकमको सुनिश्चितता (आवेदकले लगानी गर्ने)

| क्र.स. | आवेदकले लगानी गर्ने रकम | रकम प्राप्ति श्रोत | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

## १२.  आर्थिक प्रस्ताव

| क्र.स. | क्रियाकलाप | इकाई | परिमाण | अनुदान रकम | स्वलगानी | कुल लगानी |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसूची- ५
**(दफा-४ सँग सम्बन्धित)**

**स्व-घोषणा पत्र**

श्रीमान कार्यालय प्रमुख ज्यू,

...........*(कार्यालयको नाम)*..........

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति................., का दिन.............. पत्रिकामा प्रकाशित सूचना अनुसार, .......................... स्थित ............................ ले ........................................... कार्यक्रम प्रास्ताब पेश गरेको हुँदा तपसिलका बुँदाहरुमा प्रतिवद्धता व्यक्त गर्दछु/छौं। यदि यस स्व- घोषणामा केही झुठ पाइएमा प्रचलित कानून बमोजिम सजायको भागेदार हुन मन्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु/छौं ।

तपसिल,

१. अन्य कुनै सरकारी निकायबाट समान प्रकृतिको कार्यक्रमको लागि कुनै प्रकारको अनुदान वा सुविधा लिएको छैन।
२. यस कार्यक्रमले वातावरणीय तथा सामाजिक रुपमा कुनै पनि प्रतिकुल असर गर्ने छैन ।
३. कुनै पनि वित्तीय संस्था वा सरकारी निकायको कालो सूचीमा परेको छैन ।

औंठा छाप

| दायाँ | बाँया |
|---|---|
| | |

आवेदकको नामः

पदः

ठेगानाः

संस्थाको नामः


संस्थाको छापः

सम्पर्क नं. :

अनुसूची-६

<u>(दफा-४ सँग सम्बन्धित)</u>

सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र देखि कार्यक्रम सञ्चालन गरिने स्थानसम्मको नक्सा



अनुसूची-७

(दफा-५(१) सँग सम्बन्धित)

स्थलगत प्रमाणीकरण प्रतिवेदन ढाँचा

कार्यक्रमको नामः

आवेदक संस्थाको र ठेगाना :

स्थलगत प्रमाणीकरण मितिः

## १. भौतिक पूर्वाधारको अवस्था

| भौतिक पूर्वाधार | भए (√)/ नभएको (“) | कैफियत |
|---|---|---|
| बाटो | | |
| बिजुली | | |
| पानी | | |
| बजार सुबिधा | | |
| ..................................... | | |

## २. चरन तथा घाँस खेतीको अवस्थाः

| | चरन क्षेत्र | घाँस खेती |
|---|---|---|
| मुख्य घाँसका जातहरु | | |
| घाँस खेती क्षेत्रफल | | |
| जग्गाको स्वामित्व | | |

## ३. पशुपालन तथा उत्पादनको अवस्था

| पशु प्रजाति | पशु संख्या | | | उत्पादन बिक्रि (दुध/मासु) |
|---|---|---|---|---|
| | माउ | बाच्छा/बाच्छी/पाठा /पाठी | साढे/राँगो/बोका/बिर | |
| गाई | | | | |
| भैंसी | | | | |
| बाखा | | | | |
| बंगुर | | | | |
| बदेल | | | | |

## ४. पन्छीपालन तथा उत्पादनको अवस्था

| जात | पशु संख्या | | उत्पादन | |
|---|---|---|---|---|
| | भाले | पोथी | अण्डा | मासु |
| ग्रामिण कुखुरा | | | | |
| कालिज | | | | |
| अन्य .... | | | | |

**५. मत्स्य पालन तथा उत्पादनको अवस्था**

| जात | मत्स्य पालन क्षेत्रफल | मत्स्य उत्पादन |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

**६. प्रयोग भईरहेका मेशिनरी औजार/उपकरणहरु**

| नाम | संख्या |
|---|---|
| | |
| | |
| | |

७. भौगोलिक हिसाब उपयुक्तता भए/नभएको ..........................

८. संस्थाले गरेका नविनतम कार्यहरु.........................................................

९. स्थलगत निरीक्षण टोलीको रायः

छनौटका लागि सिफारिस गर्न उपयुक्त रहेको/नरहेको ....................

**१०. स्थलगत निरीक्षण गर्ने पदाधिकारीहरुको विवरण**

| नाम | पद | कार्यरत कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

## अनुसूची- ८

<u>(दफा ५ (३) सँग सम्बन्धित)</u>

**मूल्यांकन गर्ने आधारहरु**

कार्यक्रमको नामः

आवेदक संस्थाको नाम र ठेगानाः

मितिः

**मूल्यांकन**

| क.स. | सूचक | अधिकतम अंक | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| १. | भौतिक पूर्वाधार (बाटो, बिजुली, पानी, बजार सुबिधा आदि) | १० | | |
| २. | संस्था दर्ता अवधि<br>*(संस्था दर्ता अवधि ५ वर्ष वा सो भन्दा बढी भएमा पूर्ण अंक मानी मुल्यांकन गरिने)* | ५ | | |
| ३. | हाल पालिरहेको पशु/पन्छी/मत्स्य संख्या/क्षेत्रफल<br>(प्रस्ताब गरिएको कार्यक्रम सँग सम्बन्धित मात्र) | १५ | | |
| ४. | घाँस खेतीको क्षेत्रफल (गाई, भैंसी, भेडा, बाख्राको हकमा)<br>*(१ गाई/भैंसी वा ४ बाख्राको लागि न्युनतम १ रोपनी (डेढ कट्टा) लाई पूर्ण अंक मानी मूल्यांकन गरिने)* | १५ | | |
| ५. | आहारा व्यवस्थापन (बंगुर/बदेल, पन्छी माछा तथा अन्य पशुको हकमा) | १५ | | |
| ६. | मेसिनरी औजार उपकरणको प्रयोग तथा नविनतम कार्यहरु | १० | | |
| ७. | जैविक सुरक्षाको अवस्था तथा उपयोग | १५ | | |
| ८. | बैदेशिक रोजगारीबाट फर्की पशु व्यवसायमा आवद्ध<br>(५ वर्ष भन्दा बढी अवधिलाई पूर्ण अंक मानि) | ५ | | |
| ९. | सम्बन्धित क्षेत्रमा तालिम | १० | | |
| १०. | कार्ययोजना | १५ | | |
| **जम्मा** | | १०० | | |

*नोटः मूल्यांकन समितिले अनुसूची-९ मा उल्लेख भएका मूल्यांकनका सूचकलाई आधार मानी थप खण्डीकरण गरी मूल्यांकन गर्न सक्नेछ।*

## अनुसूची- ९

<u>(दफा १६ (३) सँग सम्बन्धित)</u>

<u>दुध जोन छनौटका आधारहरु</u>

| क्र सं | जिल्ला | न्यनतम दैनिक दुध उत्पादन | कैफियत |
|---|---|---|---|
| १ | काभ्रे, चितवन | ३०,००० लिटर | |
| २ | ललितपुर, सिन्धुपाल्चोक, मकवानपुर | १५,००० लिटर | |
| ३ | सिन्धुली, काठमाडौं, भक्तपुर, नुवाकोट, धादिङ, रसुवा, रामेछाप, दोलखा | ५,००० लिटर | |

# अनुसूची-१०

(दफा-१९(३) सँग सम्बन्धित)

## दुध उत्पादन सम्बन्धी विवरण संकलन फारम

| क्र सं | मिति | दुहुना पशुको संख्या | दुध उत्पादन लिटर | | | दुधको गुणस्तर | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | विहान | बेलुका | जम्मा | औषध फ्याट | SNF | |
| १ | ............./........./...... | | | | | | | |
| २ | ............./........./...... | | | | | | | |
| ३ | ............./........./...... | | | | | | | |
| ४ | ............./........./...... | | | | | | | |
| ५ | ............./........./...... | | | | | | | |
| ६ | ............./........./...... | | | | | | | |
| ७ | ............./........./...... | | | | | | | |
| ८ | ............./........./...... | | | | | | | |
| ९ | ............./........./...... | | | | | | | |
| **जम्मा** | | | | | | | | |

पेश गर्नेकोः
नामथरः
सम्पर्क नम्बरः
हस्ताक्षरः
मितिः

प्रमाणित गर्नेकोः
नामथरः
सम्पर्क नम्बरः
हस्ताक्षरः
संस्थाः
संस्थाको छापः

## अनुसुची –११

**(दफा-२३ (२) सँग सम्बन्धित)**

**खोप कार्यको लागि आवश्यक सामाग्रीहरु**

१. सिरिन्ज र निडिल
२. ग्लोभ्स
३. कपास
४. खोप कार्ड
५. स्टेशनरी सामाग्रीहरु
६. गमबुट
७. एप्रोन, मास्क ,हेडकभर
८. डिस्इन्फेक्टेन्ट
९. कुल बक्स
१०. स्प्रिट
११. खोप विवरण सम्बन्धी फारमहरु
१२. डिस्पोजल किट
१३. रेनकोट, झोला, टर्च लाइट
१४. सेनिटाइजर

## अनुसूची-१२

**(दफा २५(२) सँग सम्बन्धित)**

**खोप कार्डको नमूना**

बागमती प्रदेश सरकार

कृषि तथा पुशपन्छी विकास मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ................

<u>खोप कार्ड</u>

जिल्लाः स्थानीय तहः

वडा नं टोलः

पशुधनीको नामः

| क्र सं | पशुको विवरण | | | खोपको विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | प्रजाति | पहिचान | उमेर | खोपको नाम | खोप लगाएको मिति | अर्को पटक खोप लगाउने मिति | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |

**खोपकर्ताको नामः**

**खोपकर्ताको हस्ताक्षरः**

*द्रस्टव्यः एक प्रति पशुधनीलाई दिने र एक प्रति खोप कर्ताले सम्बन्धित निकायमा बुझाउने।*
*यस फारममा दिइएका हरफ नपुगेमा यसै फारमको पछाडिको पेज प्रयोग गर्नु होला।*

## अनुसूची-१३
(दफा २५(३) सँग सम्बन्धित)

**खोप विवरण कम्पाइलेसन फारम**

जिल्लाः ................. स्थानीय तहः ..................... वडा नः .....

टोलः ..................... खोप सञ्चालन अवधिः .............. देखि ............ सम्म

| क्र सं | पशुधनीको नाम | प्रजाति अनुसार खोप लगाएको पशु संख्या | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | गाई | भैंसी | भेडा | बाखा | बंगुर/सुँगुर | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |
| ११ | | | | | | | |
| १२ | | | | | | | |

खोपकर्ताकोः

नाम थरः

हस्ताक्षरः

मितिः

प्रमाणित गर्नेकोः

नामथरः

पदः

हस्ताक्षरः

मितिः

अनुसुची –१४

<u>(दफा-७ सँग सम्बन्धित)</u>

## द्विपक्षिय सम्झौता पत्र

आर्थिक वर्ष ... मा सञ्चालन हुने........ कार्यक्रमका लागि .........*(कार्यालयको नाम)*............ (यसपछि प्रथम पक्ष भनिने) र छनौट भएका ................ पालक साझेदार संस्था................(यसपछि दोश्रो पक्ष भनिने) बीच तपसिलका शर्तानामाहरुको अधीनमा रही कार्यक्रम सञ्चालन गर्न द्विपक्षिय सम्झौता गरी एक/एक प्रति बुझि लियौं/दियौं ।

<u>तपसिलः</u>

१. प्रथम पक्षले........कार्यक्रम संञ्चालनका लागि इस्टिमेट गरिएको रकम रू........(अक्षेरुपी.........) को कार्य सम्पन्न भए पछी .....*(कार्यालयको नाम)*.......... बाट उपलब्ध गराइने अनुदान रकम रु.........(अक्षेरुपी.........) को दुई प्रतिशत कन्टिनजेन्सी कट्टी गरी हुन आउने रकम रु ....(अक्षेरुपी........)मा नियमानुसार कर कट्टी पश्चातको रकम दोश्रो पक्षलाई वैंक खाता मार्फत भुक्तानी गर्नेछ ।

२. दोश्रो पक्षले तपसिल अनुसारका क्रियाकलापहरु मिति .....भित्र कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

| क.स. | क्रियाकलाप | इकाई | परिमाण | अनुदान रकम | स्वलागानी | कुल लगानी |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

३. दोश्रो पक्षले सम्झौता अनुसारको कार्य सम्पन्न गरेपछि नेपाल सरकारबाट मान्यता प्राप्त प्राबिधिकले तयार गरेको कार्य सम्पन्न प्रतिबेदन (भौतिक संरचनाको हकमा), बिल, भर्पाइ, सम्बन्धित वडाको सिफारिस र अन्य आवश्यक कागजातका साथ् भुक्तानीका लागि अनुरोध गरे पश्चात सम्बन्धित कार्यालयले स्थलगत निरीक्षण गरी मनासिब ठहरेमा नियमानुसार प्रथम पक्षले भुक्तानी गर्नेछ ।

४. दोश्रो पक्षले पशु/मत्स्य बिमा गरी बिमा अभिलेख प्रथम पक्षलाई पेश गर्नु पर्नेछ ।

५. दोश्रो पक्षले पशुको वंसावली रेकर्ड अनिबार्य राख्नु पर्नेछ ।

६. प्रथम पक्षले कुनैपनी बखत सञ्चालीत कार्यको अनुगमन निरिक्षण गरी सम्झौता मुताविक कार्य भए /नभएको सल्लाह/सुझाव दिन सक्नेछ ।

७. दोस्रो पक्षले नियमित रुपमा कार्यक्रमको चौमासिक प्रगती उपलब्धी एंव कारोवार सम्बन्धी विवरणहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

८. दोस्रो पक्षले सम्झौता अनुरुप कार्य नगरेमा प्रथम पक्षले अनुदान रकम भुक्तानी गर्ने छैन ।

९. दोस्रो पक्षले कार्यक्रम अधुरो छाडी अनुदान रकम दुरुपयोग गरेको पाइएमा प्रथम पक्षले अनुदान रकम प्रचलीत ऐननियम बमोजिम सरकारी बाँकि/ बक्यौता सरह असुल उपर गर्नेछ ।

१०. कार्यक्रम संञ्चालनको दौरानमा कुनै बिषय हेरफेर वा परिमार्जन गर्नु पर्दा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

**प्रथम पक्षको तर्फबाट**
हस्ताक्षरः
नामः
पदः
निर्देशनालयको छाप

**दोश्रो पक्षको तर्फबाट**
हस्ताक्षरः
नामः
पदः
संस्थाको छापः

**रोहवर**
हस्ताक्षरः
नामः
पदः
कार्यालयको छापः

**रोहवर**
हस्ताक्षरः
नामः
पदः
संस्थाको छापः

इतिसम्वत्.............साल..........महिना.............गतेरोज.............शुभम्।

**अनुसूची-१५**

(दफा-३८ सँग सम्बन्धित)

**सार्वजनिक सुचना पाटी**

(साइजः ५ फिट " ४ फिट)

बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**

............................

कार्यक्रम/आयोजनाको नामः............................................................

आयोजना सञ्चालन गर्ने समूह/सहकारी/निजी उद्यमीको नामः..........................

ठेगानाः..............................

कार्यक्रम/आयोजनाको कुल लागतः रु. ....................

अनुदान रकमः रु.......................

साझेदार संस्थाको सहभागिताः रु....................

आयोजना अवधीः ................. देखि .....................

लाभग्राही संख्याः महिला.................. पुरुष.....................

कुल.....................

दलित.................... जनजाति.................

अन्य.....................

*(द्रटब्य्यः सार्बजनिक सूचना पाटी फलामको फ्रेममा इनामेलको प्रयोग गरी लेखेको हुनु पर्नेछ ।)*